नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

# बुढीगण्डकी नदीमा आएको आकस्मिक बाढी तथा जलविद्युत पूर्वाधारमा भएको क्षतिसम्बन्धी प्रेस नोट

## मिति: २०८३/०६/२५

आज मिति २०८३ असोज २५ गते बिहान गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका-६, लोकपादेखि चुम्लिङको बीचमा ठूलो पहिरो गई बुढीगण्डकी नदी थुनिएर फुट्न जाँदा लेदोसहितको भीषण आकस्मिक बाढी आएको छ। यस बाढीका कारण जलविद्युत आयोजनाहरू, विद्युत प्रसारण लाइन, लगायतका पूर्वाधारमा भएको क्षति तथा मन्त्रालयबाट भएको प्रयास निम्नानुसार भएको व्यहोरा अनुरोध छ।

### १. बाढीको अवस्था र पूर्वसूचना प्रणाली

जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र (बाढी पूर्वानुमान महाशाखा)को प्रारम्भिक अध्ययन तथा भू-उपग्रह तस्बिरहरूको अवलोकन अनुसार बुढीगण्डकीमा आएको विनासकारी बाढी वर्षाको कारणले भन्दा पनि पहिरोले नदी थुनिएर फुटेका कारण बाढी आएको प्रारम्भित तथ्यबाट पाइएको छ। बुढीगण्डकी नदीको आरुघाट बाढी मापन केन्द्रमा बिहान ६:३० बजे जलसतह २.२८ मिटर रहेकोमा बिहान ६:५० बजे खतरा तह (५ मिटर) नाघेर ५.०१ मिटर र बिहान ८:४० बजे अधिकतम ८.४३ मिटर सम्म पुगेको पाइएको थियो। जोखिम क्षेत्रका सर्वसाधारण तथा सरोकारवालाहरूलाई सतर्क गराउन गोरखा, धादिङ, चितवन, तनहुँ र नवलपरासी क्षेत्रमा २ लाख भन्दा बढी SMS तथा सामाजिक सञ्जालमार्फत पूर्वसूचना पठाइएको थियो।

### २. जलविद्युत् आयोजना तथा ऊर्जा पूर्वाधारमा भएको क्षति

बुढीगण्डकी तथा यसका सहायक नदी करिडोरमा सञ्चालित तथा निर्माणाधीन बुढीगण्डकी (३४१ मे.वा.), दोभान खोला (२४.५ मे.वा.), यारु खोला (३०.५९ मे.वा.), तल्लो छोटे खोला माइक्रो हाइड्रोपावर (०.९९ मेगावाट) र माछा खोला (१६ मे.वा.) जलविद्युत् आयोजनाहरूमा बाढीका कारण क्याम्प क्षेत्रका घरहरू, निर्माण उपकरण तथा सामग्री, बेलिब्रिज, पहुँच सडक र आयोजना स्थल पुग्ने पुलमा क्षति पुगेको छ। धार्चे गाउँपालिका वडा नं. १, दोभानदेखि वडा नं. ३ को खोर्लाबेसी तथा तातोपानीसम्म उच्च भोल्टेज (HT) का ७० भन्दा बढी पोलमा क्षति पुगेको छ। त्यसैगरी, आरुघाट गाउँपालिका वडा नं. ३ को सोती क्षेत्रमा HT का १२ वटा तथा आर्खेत क्षेत्रमा न्यून भोल्टेज (LT) का ४ वटा पोलमा क्षति पुगेको छ। आरुघाट

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

गाउँपालिका वडा नं. ९ को आरुघाट बजार क्षेत्रमा HT का ४ वटा पोलमा क्षति पुगेकोमा २ वटा पोलको मर्मत सम्पन्न भइसकेको छ। साथै, धादिङ जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. २ स्थित स्याउली बजार क्षेत्रमा LT का ६ वटा पोलमा क्षति पुगेको छ। बाढीका कारण अवरुद्ध भएको विद्युत् सेवा आजै सञ्चालनमा ल्याउन पहल भैरहेको र बेलुका ७ बजेबाट भीमसेन थापा गाउँपालिका २, ३, ४ र आरुघाट गाउँपालिकाको आरुघाट बजार सहित डाँडागाउँ ब्रान्च र आरुपोखरी ब्रान्च सुचारु भएकोछ। बाढीले धार्चे गाउँपालिकाका प्रभावित वडाहरूमा जाने पहुँच सडकसमेत क्षतिग्रस्त बनाएकाले विद्युत् सेवा पुनः सञ्चालनमा कठिनाइ भएको छ। पहुच सडक संचालनमा आए पश्चात अवरुद्ध विद्युत सेवा शीघ्र सञ्चालन गर्न आवश्यक मर्मत तथा पुनःस्थापनाको कार्य गरिने छ।

३. मानवीय क्षति, उद्धार

बाढीका कारण विद्युत् आयोजनामा कार्यरत जनशक्तिमा मानवीय क्षति भएको तथा सम्पर्कविहीन रहेको जानकारी प्राप्त नभएको यद्यपी बुढीगण्डकी जलविद्युत् आयोजना (३४१ मे.वा. - टाइम्स इनर्जी प्रा.लि.) मा कार्यरत १२ जना कर्मचारीलाई नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलको समन्वयमा उद्धार गरी सुरक्षित स्थानमा सारिएको छ।

४. मन्त्रालयको तर्फबाट भइरहेका प्रयास र अपील

क्षति पुगेका जलविद्युत् आयोजना, बेलिब्रिज तथा विद्युत् लाइनको पुनरावलोकन, मर्मत सम्भार र सम्भाव्यता अध्ययनका लागि प्राविधिक टोली परिचालन भइसकेका छन्। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत बाढी प्रभावित दुर्गम बस्तीहरूमा घरायसी सोलार प्रणाली पठाउने तयारी समेत भैरहेको छ। बाढीका कारण थप क्षति हुन नदिन बुढीगण्डकी नदीको तटीय तथा तल्लो क्षेत्रका बासिन्दाहरूलाई नदी किनार तथा जोखिमयुक्त सडक र पुलमा आवतजावत नगर्न र स्थानीय प्रशासन एवं सुरक्षा निकायको निर्देशिका पूर्ण रूपमा पालना गर्न हार्दिक अनुरोध गर्दछ।

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता